**निर्णयहरु**

१. मर्स्याङ्दी गाउँपालिकाको प्रथम गाउँसभा हुँदाको समयमा विषयगत कार्यालयहरु कृषि,पशुसेवा,महिला विकासको वजेटको वारेमा स्पष्ट्र निर्देशन नभएकोले वजेट विनियोजन नभएको तर ती कार्यालयहरुको वजेट वित्तिय समानीकरणमा संलग्न भएकोले ती कार्यालयहरुका लागि वजेट व्यवस्था गर्न तथा अन्य केही वजेट संसोधन गर्नका लागि गाउँसभाका एक तिहाई सदस्यले गाउँसभा वोलाउन अध्यक्ष समक्ष लिखित निवेदन प्राप्त भएकोले यस गाउँपालिकाको दोस्रो गाउँसभा अध्यक्ष ज्यू को निर्देशनमा २०७४ मार्ग १५ गते गर्ने निर्णय गरियो ।

२. यस गाउँपालिकाद्धारा विभिन्न वडा स्थित संघ संस्थाहरुका लागि सामग्री खरिद गरी दिने भनी वजेट व्यवस्थापन भएका आयोजनाहरुमा उपभोक्ता समिति गठन गर्न नपर्ने र गाउँपालिकाको कार्यालयले सामान खरिद गरि ती संस्थाहरुलाई सम्बन्धित वडा अध्यक्षको रोहवरमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

३. २०७४।०५।०१ को यस गाउँ कार्यपालिकाको बैठकले वेल्डीङ, कार्पेन्ट्री र स्टिल फिक्चर तालिम संचालन गर्ने भन्ने निर्णय गरेको तर गाउँसभाबाट रु ५ लाख मात्र वजेट विनियोजन भएकोले २०७४।०७।१३ गतेबाट वेल्डीङ तालिम संचालन गरिएको र अन्य तालिम संचालनका लागि आगामि गाउँसभाबाट वजेट विनियोजन गरि संचालन गर्ने निर्णय गरियो ।

४.कृषि संकलन केन्द्र निर्माणका लागि गाउँसभाबाट रु १० लाख वजेट विनियोजन भएकोले उक्त संकलन केन्द्र मर्स्याङ्दी गाउँपालिका वडा नं. ३, खुदी बजारमा स्थापना गर्ने निर्णय गरियो ।